CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८५

०२ ।९ ।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ का लागि चालु चौमासिक (२०७७ कार्तिक देखी माघ) का लागि छुट्याईएको अनुमानित बजेट

| | |
|---|---|
| संक्रमण रोकथामका लागि ईपिडिमियोलोजी सम्बन्धी कृयाकलापहरु | रु. ६०,००,००० |
| सामुदायिक सहभागिता तथा स्थानीय कृयाकलापहरु | रु. ७४,४८,३०,००० |
| कन्ट्याक्ट ट्रेसिङ सम्बन्धी कृयाकलापहरु | रु. १०,३८,६४,००० |
| क्वारेन्टाईन व्यवस्थापन सम्बन्धी कृयाकलापहरु | रु. ३३,६०,००,००० |
| परीक्षण तथा उपचार सम्बन्धी कृयाकलापहरु | रु. १८,१९,८३,३४,००० |
| कोभिड - १९ भ्याक्सिन सम्बन्धी कृयाकलापहरु | रु. १०,०२,५०,००,००० |
| आधारभुत तथा अत्यावश्यक स्वास्थ्य सेवाहरुको निरन्तरता सम्बन्धी कृयाकलापहरु | रु. ८४,१५,००,००० |
| सामाग्री खरिद तथा आपूर्ती व्यवस्थापन | रु. २,००,१२,८८,००० |
| गुणस्तर सुनिश्चितता | रु. ७,५२,००,००० |
| कोभिड - १९ सूचना व्यवस्थापन | रु. १०,८०,००,००० |
| जोखिम सञ्चार | रु. ४,३५,००,००० |
| सुशासन, व्यवस्थापन तथा नियमन | रु. ३,५१,००,००० |

**कुल जम्मा** रु. ३२,५१,८६,१७,०००

स्रोत: https://cutt.ly/hgLWNjU

## नेपाल अपडेट



काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा कोरोना संक्रमितहरुलाई आयुर्वेदिक औषधी वितरण गर्दै पनौती नगरपालिकाका प्रमुख भीम न्यौपाने ।

तस्विर: केशवराज पौडेल

### परिक्षण

पिसिआर परिक्षण: १,८५५,७२४

पोजेटिभ: २,५१,६९२

उपचाररत: ९,५८०

मृत्यु : १,७४९

सन्चो भएका : २,४०,३६३






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



नेपालमा कोभिड - १९ को खोप ल्याउन के पहल भईरहेको छ ? खोप आए पनि केही जनसंख्याले मात्र लगाउन पाउँछ भन्छन् ।

नेपाल सरकारले अहिले हालको जनसंख्याको ७२ प्रतिशतलाई (१४ वर्ष मुनिको २८ प्रतिशत जनसंख्यालाई खोप बनेको छैन) कोभिड - १९ को खोप लगाउने उद्देश्यका साथ द्रुत कार्ययोजना सहित काम गर्दैछ । यसका लागि सरकारले हाल विश्व स्वास्थ्य संगठन, युनिसेफ र विश्व बैंकसँग समन्वयात्मक रुपमा काम गरिरहेको भनेको छ । तर, खोप आईसकेपछि पहिलो प्राथमिकतामा भने, स्वास्थ्यकर्मी र त्यसपछि जोखिम उमेर समुहलाई प्राथमिकतामा राखिनेछ ।

स्रोत: https://cutt.ly/shPXz3d



अहिले धेरै व्यवसायीको बैंकमा राखेको धितो लिलामी हुने अवस्थामा छ । यस बारेमा राष्ट्र बैंकले सहुलियतपूर्ण नियम ल्याएको छ भन्छन् नि ?

कोभिड - १९ बाट प्रभावित ऋणीको हकमा ६ महिना भन्दा बढीको व्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी प्रकृया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्न राष्ट्र बैंकले "क","ख" र "ग" बर्गका बैंक तथा वित्तिय संस्थालाई निर्देशन दिएको छ ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/12/ABC-final-monetary-policy-first-quarter-review.pdf



सरकारले वित्तिय पारदर्शितालाई थप प्रभावकारी बनाउने भनेको थियो । कोभिड - १९ सँग सम्बन्धित खर्च त सार्वजनिक गर्दैन नी ?

सरकारले कोभिड - १९ सँग सम्बन्धित खर्चलाई नियमित सार्वजनिक गर्ने विषयलाई उसको "कोभिड - १९ स्वास्थ्य क्षेत्र द्रुत कार्ययोजना (कार्तिक देखी माघ, २०७७)मा पनि प्राथमिकताका साथ राखेको छ । त्यसमा भनिएको छ, वितीय पारदर्शितालाई थप प्रभावकारी बनाउन कोभिड - १९ सँग सम्बन्धित खर्चको विवरण हरेक तहबाट एकिकृत गरी हरेक महिना सार्वजनिक गरिने छ । तर, सरकारको यो भनाई अहिलेसम्म व्यवहारमा आएको छैन ।

स्रोत: https://drive.google.com/file/d/1FNJHQq7KUsgs9t-VPjYN4zv2maLp2Eu1/view



सुर्खेत सम्म पुर्‍याउने पैसा नहुँदा स्वाव सल्यानमा थन्किएको भन्ने कुरा साँचो हो ?

स्वास्थ्य सेवा कार्यालय सल्यानमा आर्थिक अभाव हुँदा पिसिआर परीक्षणका लागि संलन गरिएको स्वाब अस्पतालमै थन्किएको छ । संकलन गरिएको स्वाब सुर्खेतसम्म पुर्‍याउन आर्थिक अभावका कारण पठाउन नसकिएपछि अस्पतालमै थन्किएको हो । कोरोना परीक्षण केन्द्र सुर्खेतसम्म संकलन गरिएको स्वाब पठाउन यातायातका लागि दिनुपर्ने रकम अभाव हुँदा समस्या भएको छ । स्वास्थ्यका लागि सक्षम प्रणाली नामक संस्थाले महिनाको दुईपटक स्वाब पठाउनका लागि यातायात खर्च व्यहोर्ने भए पनि उक्त खर्च पनि पर्याप्त नभएको बताईएको छ ।

स्रोत: रिखाराम पुन, कोरोना फोकल पर्सन, स्वास्थ्य सेवा कार्यालय, सल्यान

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सिधैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,६०,३३५ संक्रमित | १,४६,९७१ संक्रमित | ८९,६०० संक्रमित | १,४१,४१७ संक्रमित | १,८८,५४५ संक्रमित | १,२६,८३५ संक्रमित | ८७,९१३ संक्रमित | ४६,४५३ संक्रमित |
| ५,२५० नेपाली संक्रमित | २,१५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २७,४१२ नेपाली संक्रमित | ४,५०० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८४ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## कुवेतमा कोरोना भाईरस बिरुद्धको भ्याक्सिन र कतारमा संस्थागत मागपत्र प्रमाणीकरण सम्बन्धी जानकारी

### कुवेत

कुवेतमा यही डिसेम्बर महिना देखी कोरोना भाईरस बिरुद्धको भ्याक्सिन उपलब्ध हुने भएको छ । कुवेतमा बसोबास गर्ने व्यक्तिले भ्याक्सिनेसन लिन चाहामा आफ्नो नाम र विवरण अनलाईनबाट रजिस्टर गर्न सकिलेछ ।

### कतार

कतार स्थीत नेपाली दुतावासको सूचना अनुसार, आगामी जनवरी १ तारिख देखी संस्थागत मागपत्र प्रमाणीकरणको काम सुरु हुनेछ । यसको मतलब अब कतारमा कोभिड - १९ को महामारी पछी नेपाली कामदारको लागि नयाँ अवसरको बाटो खुलाहुने संकेत देखिन्छ ।

### नेपाल

श्रम स्विकृतीको लागि अब कल्याणकारी कोष र टर्म ईन्सुरेन्सको पैसा अनलाईनबाटै भुक्तानी गर्न सकीने छ । अब सबै काम अनलाईबाटै पुरा हुने भएपछी, हामी जुन देशमा छौं त्यहिबाट पनि सजिलै आफ्नो पून: श्रम स्विकृती लिन पाउने कुरामा आसाबादी हुन सक्छौं । केहि समय पहिलेदेखी नै विदेशमा हुने र २ वर्षमा छुट्टीमा नेपाल फर्किन नपाउनेहरुले विदेशबाटै श्रम गर्न पाउनु पर्छ भन्ने आवाज उठाएको भए पनि यो नियम पहिले लागू भएको थिएन । अब भने छिट्टै लागू हुनेछ । एकजनाले बिदेशबाटै बढीमा २ पटकसम्म आफ्नो श्रम नविकरण गर्न पाईने नियम बनाईएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म भैरवी गाउँपालिका दैलेखले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा गरेको खर्चको विवरण




भैरवी गाउँपालिका, दैलेखले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा २०७७ साल असार मसान्त सम्म जम्मा १ करोड ४३ लाख खर्च गरेको छ । सबै भन्दा बढी खर्च औषधी तथा उपकरण र पिपिई खरिदमा गरेको छ, जुन काम एकदमै जिम्मेवारपूर्ण रुपमा गरेको देखिन्छ । तर, केही खर्च शिर्षकले भने प्रश्न चिन्ह खडा गर्छ । जस्तैः राहत वितरणमा भएको ३३ लाख खर्च र यातायातमा गरेको १७ लाख खर्च भने अन्य खर्चको तुलनामा अप्रत्यासित रुपमा धेरै हो । त्यसैले सरकारले राहत वितरणमा गरेको खर्चको पूर्ण विवरण सार्वजनिक गर्न जरुरी छ । त्यसै गरेर, यातायातमा गरेको अधिक खर्चलाई क्वारेन्टाईन तथा आईसोलेशनको स्तरोन्नतीमा खर्च गर्न सकिन्छ । मिटिङ तथा भत्तामा गरेको खर्च पनि असान्दर्भिक छ । जुन खर्च समग्रमा आईसोलेशन स्थापना र व्यवस्थापन गर्न र त्यहाँ बसेका बिरामीलाई खानाको व्यवस्थापनमा लागेको खर्च भन्दा धेरै छ । त्यसैले, अहिलेको महामारीको सामना गर्नको लागि सरकारले गरेको खर्चलाई प्रभावकारी अनुगमन गर्ने संयन्त्र निर्माण गर्न जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौँ । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौँ ।

# सधै विदेशको भर नहुने रहेछ



बुटवल - ११ कालिकानगर, रुपन्देहीका ३५ वर्षिय बिपिन श्रेष्ठ व्यवस्थापनमा स्नातक तह पढ्दै थिए । तर, उनले पढाईलाई पूर्णता दिन सकेनन् । एकातर्फ पढाई पनि अगाडी बढेन र अर्को तर्फ, परिवारको आर्थिक अवस्था त्यती राम्रो नभएका कारण रोजगारी गर्नुपर्ने बाध्यता उनका अगाडी थियो । स्वदेशमै जागिर पाउने सम्भावना उनले देखेनन् । व्यवसाय गर्न उनीसँग पुँजी थिएन । उनका एक दाई त्यसअघी नै वैदेशिक रोजगारीमा थिए । उनले पनि त्यही बाटो उपयुक्त ठाने । यतिकै बरालिएर खानुभन्दा उनले पनि पैसा कमाउन वैदेशिक रोजगारीमा जाने निधो गरे ।

बिपिन सन् २०१६ को फेव्रुअरीमा वैदेशिक रोजगारीमा यूएई गए । उनका दाई बिनोद पनि वैदेशिक रोजगारीको शिलसिलामा दुबईमै थिए । आफन्त र चिनेजानेको मेनपावर मार्फत त्यहाँ पुगेका कारण सम्झौता पत्रमा उल्लेख गरिए अनुसारको काम र पारिश्रमिक पाए । उनी त्यहाँ एग्रिकल्चर तर्फको फुड प्याकेजिङमा काम गर्दथे । त्यस बापत उनले पाउने मासिक पारिश्रमिक १ हजार २६२ दिरहाम थियो । ओभर टाईम पनि काम गर्ने भएकोले उनले त्यहाँ रहँदा मासिक नेपाली ८० देखि ९० हजार सम्म कमाउन थाले । खाने प्रबन्ध आफै मिलाउनु पर्ने र बस्न कम्पनीले दिने भएकाले मासिक उनले ६० हजार सम्म बचत गरेर घर पठाए ।

कोरोना सुरु भएदेखि अब के होला भन्दाभन्दै मार्च देखि अक्टोबर सम्म त त्रासमै बित्यो । कम्पनीले एकाएक डिसेम्बर देखि नियमित तलवमा २१० दिरहाम घटाउने र ओभर टाइम गर्न नपाउने निर्णय सुनायो । महामारीमा परिवारबाट टाढा रहनुको पीडा त छदै थियो, त्यसमाथी कमाईमा पनि अंकुश लागेपछि उनले नेपाल फर्कने निधो गरे । यसरी डिसेम्बर ३ मा उनी नेपाल फर्किए ।

यो अवधिमा उनले अपेक्षाकृत पैसा कमाए, तर सधै विदेशको भर नहुने रहेछ भन्ने पनि सिकेकाछन् । नेपालमै केही गरेको भए त, केही समयपछि पुन: आफ्नो काम गर्न पाईन्थ्यो तर विदेशको जागिर भने चटक्कै छोडेर आउनुपऱ्यो । अब उनले कमाउन विदेश नजाने सोच बनाएकाछन् । सरकारबाट सहुलियत व्याजमा ऋण पाए यतै आफ्नो व्यवसाय गरेर घरजम गर्ने सोचमा छन बिपिन ।



# काठमाण्डौ उपत्यकामा कोभिड - १९ को अहिलेको अवस्था




माथिको ग्राफमा हाल काठमाण्डौ उपत्यकाका ति जिल्लामा कोभिड - १९ को अवस्थालाई देखाईएको छ । अहिले नेपालमा रहेका कोभिड - १९ का जम्मा सकृय संक्रमित मध्ये ५४ प्रतिशत सकृय संक्रमित काठमाण्डौ उपत्यकामा मात्र छन् । त्यसै गरेर, उपत्यकाका जिल्लामा कोभिड - १९ बाट सञ्चो हुनेको संख्या ४६ प्रतिशत रहेको छ र कोभिड - १९ का कारण मृत्यु हुनेको संख्या उपत्यकामा ३९ प्रतिशत रहेको छ । अहिले पनि काठमाण्डौ उपत्यका कोभिड - १९ को संक्रमणको हिसावले केन्द्रबिन्दु नै रहेको छ । उपत्यकाको शहरी क्षेत्र व्यापार व्यवसायको हिसाबले विस्तारै पुरानै अवस्थामा फर्किरहेकोले, संक्रमण नियन्त्रणमा तत्काल ध्यान दिन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs